# विद्युत् प्रसारण र वितरण सुधारका लागि ७३ अर्ब

**हिमालय टाइम्स**

काठमाडौं, ८ पुस

देशभित्रको विद्युत् आपूर्ति भरपर्दो तथा गुणस्तरीय बनाउन र छिमेकी देशसँगको विद्युत् व्यापार विस्तारका लागि प्रसारण र वितरण प्रणाली विस्तार, सुधार एवं आधुनिकीकरण गर्न झण्डै ७३ अर्ब अर्थात् ७२ अर्ब ९३ लाख रुपैयाँ (५३ करोड ७० लाख अमेरिकी डलर) लगानी सम्झौता भएको छ । एसियाली विकास बैंक (एडिबी)ले ३१ करोड १० लाख डलर (४२ अर्ब २४ करोड रुपैयाँ) सहुलियतपूर्ण ऋण र तीन करोड डलर (चार अर्ब सात करोड रुपैयाँ) अनुदान उपलब्ध गराउने भएको हो ।

त्यस्तै युरोपेली युनियनले दुई करोड २६ लाख डलर (तीन अर्ब छ करोड रुपैयाँ) र नर्वे सरकारले तीन करोड १० लाख डलर (चार अर्ब २१ करोड रुपैयाँ) अनुदान दिनेछन् । त्यसैगरी रणनीतिक जलवायु कोषमार्फत् एक करोड डलर(एक अर्ब ३५ करोड रुपैयाँ) सहायता प्राप्त हुनेछ । आयोजना कार्यान्वयन गर्न आवश्यक १३ करोड २४ लाख डलर (१७ अर्ब ९८ करोड रुपैयाँ) नेपाल सरकारले बेहोर्नेछ ।

नेपाल विद्युत् प्राधिकरणका अनुसार एडिबीको दक्षिण एसियाली उपक्षेत्रीय आर्थिक सहायता(सासेक) विद्युत् प्रसारण र वितरण सुदृढीकरण परियोजनामार्फत् कार्यान्वयन हुने आयोजनाहरूबाट मुख्यरूपमा दुई सय ९० किलोमिटर प्रसारण लाइन, पाँचवटा नयाँ सबस्टेसन र दुईवटा सबस्टेसन स्तरोन्नति गरिनेछ । साथै काठमाडौं उपत्यकाका घरायसी ग्राहकको घरमा रहेका सिंगल फेज मिटर हटाई स्मार्ट मिटर जडान (दोस्रो चरण), वितरण सबस्टेसन आधुनिक एवं स्वचालित बनाउनमा कम्प्युटरमा आधारित सुपरीवेक्षणीय नियन्त्रण तथा डाटा प्राप्ति (स्काडा) जडान, कर्णाली प्रदेशमा राष्ट्रिय प्रसारण लाइन निर्माण तथा वितरण प्रणाली स्तरोन्नति गरिनेछ । सहायता परिचालनका लागि गत शुक्रबार सरकार र एडिबी एवं नेपाल विद्युत् प्राधिकरणबीच सहुलियतपूर्ण ऋण तथा अनुदान सम्झौता भइसकेको छ । योजनाहरू प्राधिकरणले कार्यान्वयन गर्नेछ ।




प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङले विकास साझेदारबाट प्राप्त स्रोत परिचालन गरी मुख्यरूपमा देशभित्रको विद्युत् आपूर्ति प्रणाली सुधार एवं विस्तार, क्षेत्रीय/उपक्षेत्रीय विद्युत् व्यापार भरपर्दो बनाउन मेरुदण्डका रूपमा आवश्यक पूर्वाधार संरचना निर्माण र वितरण प्रणाली डिजिटलाइसेन गरिने बताउनुभयो । उहाँले भन्नुभयो, 'समय-समय विद्युत् गएको भन्ने उपभोक्ताको गुनासो सम्बोधन गर्न र पर्याप्त, भरपर्दो, गुणस्तरीय तथा सुरक्षित विद्युत् आपूर्तिका लागि विगत वर्षबाट योजनाबद्धरूपमा अघि बढाइएका पूर्वाधार संरचना सुधार र सुदृढीकरणका कामहरू कार्यान्वयन गर्न ठूलो रकम जुटेको छ, अब योजनाहरू तत्काल कार्यान्वयनमा लगिनेछ ।'

एडिबी नेपाल आवासीय नियोगका निर्देशक आर्नोड कुश्वाले देशभित्रको बढ्दो मागअनुसारको विद्युत् आपूर्तिमा रहेको ग्रिड पूर्वाधारको सीमितता हटाउन र हरित ऊर्जा निर्यातको लक्ष्य पूरा गर्न सहायता सहयोगी हुने उल्लेख गर्नुभयो । निर्देशक कुश्वाले भन्नुभयो, 'सहायता प्रसारण र वितरण गुरुयोजनाका मुख्य अवयवहरूमा खर्च हुनेछ, यसबाट जलविद्युत् आयोजनाहरूबाट उत्पादित विद्युत् आन्तरिक खपतका लागि प्रसारण गर्न एवं अन्तरदेशीय विद्युत् व्यापार क्षमता वृद्धि गर्ने टेवा पुग्नेछ, कर्णाली र लुम्बिनी प्रदेशमा प्रसारण र वितरण पूर्वाधार विस्तार, सुधार, स्तरोन्नति एवं पुनर्स्थापना हुनेछ, जसबाट विद्युतीकरण, ऊर्जा गरिबी कम गर्न, प्रदेशबीचको सामाजिक-आर्थिक असमानतालाई हटाउन सहयोग पुग्नेछ ।'

सहायता परिचालन गरी नवलपरासी (बर्दघाट सुस्ता पश्चिम)को सुनवल नगरपालिका-१३ स्थित नयाँ बुटवल सबस्टेसनदेखि रूपन्देही, कपिलवस्तु, अर्घाखाँची हुँदै दाङको लमहीसम्मको एक सय ६० किलोमिटर लामो चार सय केभी डबल सर्किट प्रसारण लाइन निर्माण गरिनेछ । लमहीमा 'ग्याँस इन्सुलेटेड प्रणाली (जिआइएस) प्रविधिमा आधारित चार सय केभीको स्वचालित सबस्टेसन निर्माण हुनेछ । प्रसारण लाइन र सबस्टेसनमा २० करोड ३० लाख डलर खर्च हुनेछ । घिसिङले हाल बुटवलबाट पश्चिमतर्फ विद्युत् प्रवाहका लागि एक सय ३२ केभी लाइनमार्फत् रहेकाले त्यस क्षेत्रमा निर्माण हुने जलविद्युत् आयोजनाहरूको विद्युत् प्रवाह गर्न, त्यहाँको बढ्दो विद्युत् माग सम्बोधन गर्न र छिमेकी देशसँगको व्यापारलाई भरपर्दो बनाउन चार सय केभी लाइन तथा सबस्टेसन निर्माण गर्न लागिएको बताउनुभयो ।

बारा-पर्सा औद्योगिक करिडोरमा सञ्चालित, सञ्चालन तयारीमा रहेका, भविष्यमा खुल्ने र थप विद्युत् माग गर्ने उद्योगलाई पर्याप्त, भरपर्दो र गुणस्तरीय विद्युत् आपूर्ति हेटौंडा-ढल्केबर-इनरुवा चार सय केभी प्रसारण लाइनअन्तर्गत बाराको निजगढमा चार सय केभी सबस्टेसन निर्माण गरिनेछ । भारतीय एक्जिम बैंकको सहुलियतपूर्ण ऋणमा निजगढमा चार सय केभी सबस्टेसन निर्माण हुनेछ । निजगढबाट परवानीपुरसम्मको चार सय केभी लाइन र परवानीपुरमा चार सय केभी सबस्टेसन निर्माणका लागि एडिबीबाट प्राप्त हुने साढे आठ करोड डलर खर्च गरिनेछ ।

सन् २०५० सम्म तीन हजार एक सय मेगावाट विद्युत् माग धान्ने गरी काठमाडौं उपत्यकाको आपूर्तिलाई लक्षित गरी निर्माण गर्न लागिएको ओखरपौवा-तीनपिप्ले दुई सय २० केभी प्रसारण लाइन र तीन पिप्लेमा दुई सय २० केभी सबस्टेसन निर्माणमा चार करोड रुपैयाँ खर्च गरिनेछ । दैलेख-जुम्ला एक सय ३२ केभी प्रसारण लाइन र जुम्लामा एक सय ३२ केभी प्रसारण लाइन निर्माणमा साढे तीन करोड डलर खर्च हुनेछ भने कर्णाली प्रदेशका जिल्लाहरूको विद्युत् वितरण प्रणालीको स्तरोन्नति गर्न दुई करोड ३० लाख डलर खर्च हुने पनि प्राधिकरणले जनाएको छ ।

## संरचनामा क्षति नपुऱ्याउन टेलिकमको आग्रह

**काठमाडौं ।** नेपाल टेलिकमले हाल कर्णाली प्रदेशअन्तर्गत हुम्ला जिल्लामा रहेका नेपाल टेलिकमका बिटिएस टावर हरूमा अनधिकृतरूपमा केही समूह/व्यक्तिहरूबाट अवाञ्छित क्रियाकलाप गरी क्षति पुऱ्याउने काम भएको भन्दै उल्लेखित गतिविधि नगर्न सचेत गराएको छ । सो कार्यबाट नेपाल टेलिकमले प्रवाह गर्दै आएका सेवाहरू अवरुद्ध हुन पुगेको भन्दै कम्पनीले चिन्ता व्यक्त गरेको छ । कम्पनीका अनुसार सर्केगाड गाउँपालिका ५ स्थित बरै माइक्रो बिटिएसमा पुस ४ गते सोलार प्यानल, भिस्याट उपकरण तथा अर्थिङ केवलमा क्षति पुगेको र विकट भौगोलिक अवस्थितिका कारणले मर्मत कार्य सम्पन्न भई सेवा सुचारु हुन केही समय लाग्न सक्ने भएकाले सेवाग्राहीमा पर्न गएको असुविधाप्रति कम्पनीले क्षमा पनि मागेको छ । सार्वजनिक महत्त्वका सरकारी सम्पत्तिमा क्षति पुऱ्याउने र सर्वसाधारणको अविच्छिन्न सञ्चार सेवा उपभोग गर्न पाउने अधिकारमाथि आघात पुग्ने किसिमका गतिविधिहरू नगर्न/नगराउन सम्बन्धित पक्षलाई कम्पनीले सचेत गराएको छ ।

# उद्यमशीलता प्रवर्द्धन रियालिटी शो 'सार्क ट्यांक'

**हिमालय टाइम्स**

काठमाडौं, ८ पुस

विश्वचर्चित टेलिभिजन कार्यक्रम 'सार्क ट्यांक'को नेपाली संस्करणको सुरुवात हिमालय टेलिभिजनबाट हुने भएको छ । सोमबार काठमाडौंमा आयोजित कार्यक्रममा हेमराज ढकाल, आनन्द बगारिया, रितु सिंह वैद्य, सौरभ ज्योति र क्याबिनेट श्रेष्ठलाई सार्क (निर्णायक) घोषणा गर्दै नेपालमा उद्यमशीलताको नयाँ आइडिया प्रवर्द्धन घोषणा गरिएको हो । नवीनता, उद्यमशीलता र लगानी प्रवर्द्धन गर्ने उद्देश्यले चर्चित उक्त प्लाटफर्म भारत, पाकिस्तान, बंगलादेशमा समेत लोकप्रिय छ । बेलायती टिभी कार्यक्रम 'सार्क ट्यांक'बाट इजाजत लिएर हिमालय टिभीले नेपाल संस्करण ल्याएको हो । सार्क ट्यांक सोनी पिक्चर्स टेलिभिजनको स्वामित्वमा छ । शोलाई सिमोस सुनुवारले निर्देशन गर्नुहुनेछ । एउटा एपिसोडमा पाँचजना उद्यमी गरेर कुल २० एपिसोडमा सयजना उद्यमीले आफ्नो व्यवसाय र उद्यमशीलताको आइडिया पिच गर्ने आयोजकको भनाइ छ । हिमालय टिभीमा आगामी तीन महिनाभित्र प्रसारणको अपेक्षा राखिएको कार्यक्रम छायांकन फागुनदेखि एभरेस्ट होटलमा हुने बताइएको छ । कार्यक्रमले नयाँ प्रस्ताव लिएर आएका स्टार्टअपमा लगानी गरी उनीहरूको व्यवसाय विस्तारमा सहयोग पुऱ्याउने बताइएको छ । सन् २००१ मा जापानको निप्पोन टिभीमा ' मनी टाइगर्स'का रूपमा सुरु भएको उक्त शो हाल विश्वकै ठूलो व्यावसायिक रियालिटी टिभी शोका रूपमा स्थापित भइसकेको छ । सोनी पिक्चर्स टेलिभिजनले विश्वभर वितरण गर्दै आएको शोको नेपाल संस्करण ५४औँ फ्रेन्चाइज हो । कार्यक्रममा हिमालयन टिभीका कार्यकारी निर्देशक श्याम कँडेलले तीन वर्षअघि नै सोनीसँग सम्झौता भए पनि कोरोना र आर्थिक मन्दीका कारण शो आउन ढिलाइ भएको बताउनुभयो ।




नेपालमा व्यवसायको भविष्य सम्भव रहेको, उद्यमशीलताको विकास र सेलिब्रेसन गर्न सकिने सन्देशसहित शो आउन लागेको उहाँको भनाइ थियो । सोनी पिक्चर्स टिभीकी दक्षिण एसिया क्षेत्रीय अन्तर्राष्ट्रिय वितरण उपाध्यक्ष सोनिका भासिनले भारत, बंगलादेश र पाकिस्तानमा अभूतपूर्व सफलतापछि नेपालमा शो ल्याउन पाउँदा खुसी लागेको बताउनुभयो । उहाँले भन्नुभयो 'सार्क ट्यांकले अनगिन्ती उद्यमीलाई सशक्त बनाएको छ र लाखौंलाई उनीहरूको नवप्रवर्तन र दृढ संकल्पका कथाद्वारा प्रेरित गरेको छ ।' नवप्रवर्तन, उद्यमशीलता र लगानी प्रवर्द्धन गर्ने उद्देश्य राखिएको शोले आवेदनसमेत आह्वान गरेको छ । उद्यमीले आफ्नो व्यवसायसँग सम्बन्धित डेटा प्रस्तुत गर्दै एक निश्चित प्रतिशत व्यवसायको सेयर वा ऋणको बदलामा लगानी प्राप्त गर्न सक्ने बताइएको छ । आवेदन जनवरी १५ तारिखसम्म दिइसक्नुपर्नेछ । समारोहमा हिमालय टिभीका अध्यक्ष धर्मराज भुसाल र सार्कमा अनुबन्धित जजहरूले सहभागीसँग प्रश्नोत्तर गरेका थिए । एक एपिसोडमा पाँच उद्यमी गरेर कुल २० एपिसोडमा सय उद्यमीले आफ्नो व्यवसाय र उद्यमशीलताको आइडिया पिच गर्ने बताइएको छ । शोका जजमार्फत् ३५ देखि ४० करोड रुपैयाँ लगानी उद्यमीलाई जुटाइदिने जनाइएको छ ।


## मेन्छियाम हाईड्रोपावर लिमिटेड
**लैनचौर, काठमाण्डौं, नेपाल**

**चौथो वार्षिक साधारण सभाको सूचना**

**प्रथम पटक प्रकाशित मिति : २०८१/०९/०९**

यस कम्पनीको मिति २०८१/०९/०८ गते बसेको सञ्चालक समितिको बैठकको निर्णयानुसार कम्पनीको चौथो वार्षिक साधारण सभा निम्न लिखित मिति, स्थान र समयमा बस्ने भएको हुँदा कम्पनी ऐन, २०६३ को दफा ६७(२) बमोजिम सम्पुर्ण शेयरधनी महानुभावहरुको लागि यो सुचना जारी गरिएको छ । यदी कुनै कारणले विवरणहरु प्राप्त नभएमा वा हुन नसकेमा यसै सुचनालाई आधारमानी सभामा उपस्थित हुनका लागि हार्दिक अनुरोध गर्दछौं ।

**वार्षिक साधारण सभाको एजेण्डाहरुः**
१. बार्षिक आ.व. प्रतिबेदन उपर छलफल सम्बन्धमा ।
२. आ.व. २०८०/२०८१ को लेखापरिक्षण प्रतिबेदन पारित गर्ने सम्बन्धमा ।
३. आ.व. २०८१/२०८२ को लेखा परिक्षक नियुक्ति गर्ने र निजको पारिश्रमिक तोक्ने सम्बन्धमा ।
४. कम्पनीको ठेगाना परिवर्तन गर्ने सम्बन्धमा ।
५. विविध ।

**साधारण सभा बस्ने मिति, स्थान र समय :**
**मिति** : २०८१/०९/ २९ (तदनुसार १३ जनवरी २०२५) सोमबार
**स्थान** : होलिडे इन रिसोर्ट, बुढानिलकण्ठ, काठमान्डौं ।
**समय** : ९:३० बजे (बिहान)
**सम्पर्क** : ०१-४५४०४६५

**संचालक समितिको आज्ञाले,**
**कम्पनी सचिव**

**वार्षिक साधारण सभा सम्बन्धी सामान्य जानकारीहरुः**
१. वार्षिक साधारण सभा प्रयोजनका लागि मिति २०८१/०९/१८ गतेका दिन कम्पनीको शेयरधनि दर्ता किताब बन्द गरिने छ । नेपाल स्टक एक्सचेञ्ज लिमिटेडमा मिति २०८१/०९/१७ गते सम्म कारोबार भई, शेयर खरिद गरी आफ्नो नाममा शेयर नामसारी भई आएको शेयरधनिहरु सो सभामा भाग लिन र मतदान गर्न योग्य हुनेछन् ।
२. शेयरधनि महानुभावहरुलाई वार्षिक साधारण सभाको सूचना सम्बन्धी कागजातहरु शेयरधनि लगतमा कायम रहेको ठेगानामा पठाईएको छ । कारणवस कुनै शेयरधनि महानुभावहरुले वार्षिक प्रतिवेदन समयमा नै प्राप्त गर्नु नभएको भएमा कम्पनीको कर्पोरेट कार्यालय का.म.न.पा. वडा नं. ०३, महाराजगंज, काठमाण्डौं ।
३. वार्षिक साधारण सभामा भाग लिन ईच्छुक शेयरधनि महानुभावहरुलाई आफ्नो परिचय सहित उपस्थित हुन अनुरोध छ अन्यथा सभाकक्ष भित्र प्रवेश गर्न पाइने छैन । सभामा भाग लिने प्रत्येक शेयरधनि महानुभावले सभाको दिन सभा शुरु हुनुभन्दा पहिले नै उपस्थित भई त्यहाँ रहेको हाजिरी पुस्तिकामा दस्तखत गर्नु हुन अनुरोध छ । हाजिरी पुस्तिका बिहान ९:०० बजे देखि सभा संचालन रहेसम्म खुल्ला रहने छ ।
४. सभामा भाग लिनको लागि प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न चाहने शेयरधनि महानुभावहरुले आफ्नो सम्पूर्ण शेयरको एउटै प्रतिनिधि पत्र (प्रोक्सी फारम) भरी सभा शुरु हुने समय भन्दा कम्तीमा ४८ घण्टा अगाडि कम्पनीको कर्पोरेट कार्यालय का.म.न.पा. वडा नं. ०३, महाराजगञ्ज, काठमाण्डौंमा दर्ता गरिसक्नु पर्नेछ ।
५. सभामा भाग लिनको लागि प्रतिनिधि (प्रोक्सी) नियुक्त गरिसकेपछि वा प्रतिनिधि फेरबदल गर्न चाहेमा पनि सभा शरु हुनुभन्दा कम्तीमा २४ घण्टा अगावै कम्पनीको कर्पोरेट कार्यलय काठमाण्डौंमा प्राप्त हुने गरी सोको सूचना पठाउनु पर्नेछ । उक्त दिन कम्पनी बिदा हुन गएमा पनि उल्लिखित प्रयोजनको लागि कम्पनी खुल्ला रहनेछ ।
६. शेयरधनि महानुभावहरुले व्यक्त गर्नु भएको जिज्ञासा, मन्तव्य वा प्रश्नहरुको सम्बन्धमा संचालक समितिका तर्फबाट सामुहिक रुपले वा संचालक समितिको अध्यक्ष वा अध्यक्षले तोकेको व्यक्तिले उत्तर दिन सक्नु हुने छ ।
७. सभा सम्बन्धी अन्य जानकारीको लागि कम्पनीको महाराजगञ्ज स्थित कर्पोरेट कार्यालयमा सम्पर्क राख्नुहुन अनुरोध छ ।
८. सभामा आफ्नो लिखित राय, सुझाव राख्न चाहनु हुने शेयरधनि महानुभावहरुले उक्त राय सुझाव कम्पनीको आधिकारिक ईमेलः **menchhiyam@gmail.com** मा पठाउन सक्नु हुन्छ ।
९. संरक्षक रहनु भएको शेयरधनि महानुभावहरु तर्फबाट कम्पनीको शेयर लगत किताबमा संरक्षकको रुपमा नाम दर्ता भएको व्यक्तिले, संयुक्त रुपमा शेयर खरिद गरिएको अवस्थामा शेयर लगत किताबमा पहिले नाम उल्लेख भएको व्यक्ति अथवा सर्वसम्मतिबाट प्रतिनिधि नियुक्त गरिएको एक व्यक्तिले र कुनै संगठित संस्था वा कम्पनीले शेयर खरिद गरेको हकमा त्यस्ता संगठित संस्था वा कम्पनीले मनोनित गरेको प्रतिनिधिले शेयरधनिको हैसियतले सभामा भाग लिन र मतदान गर्न सक्नु हुन्छ ।
१०. शान्ति सुरक्षाका कारण साधारण सभामा उपस्थित हुने शेयरधनि महानुभावहरुलाई यथाशक्य झोला, ब्याग नल्याउनु हुन अनुरोध छ । सभाको सुरक्षाका लागि खटिएका सुरक्षाकर्मीहरुले शेयरधनि महानुभावहरु लगायत सभाकक्षमा प्रवेश गर्ने सबैको झोला, ब्याग र शरीर जाँच गर्न सक्नेछन्
११. कम्पनी ऐन २०६३ को दफा ८४ अनुसारको संक्षिप्त वार्षिक आर्थिक विवरण, संचालक समितिको प्रतिवेदन, लेखापरीक्षकको प्रतिवेदन शेयरधनिहरुले निरीक्षण वा प्राप्त गर्न चाहनु भएमा यस संस्थाको कर्पोरेट कार्यालय का.म.न.पा. वडा नं. ०३, महाराजगञ्ज, काठमाण्डौं तथा यस कम्पनिको शेयर रजिष्ट्रार एन आई सी एशिया क्यापिटल लिमिटेड चौथो तल्ला, ट्रेड टावर नेपाल, थापाथली-११, काठमाण्डौंमा सम्पर्क राख्नु होला ।

**नोटः अन्य आवश्यक जानकारीको लागि यस कम्पनीको केन्द्रीय कर्पोरेट कार्यालय का.म.न.पा. वडा नं. ०३, महाराजगञ्ज, काठमाण्डौं वा फोन नं. ०१-४५४०४६५ मा सम्पर्क राख्नु हुन अनुरोध गरिन्छ ।**



प्रदेश सरकार
भौतिक पूर्वाधार विकास मन्त्रालय
**यातायात पूर्वाधार निर्देशनालय**
**पूर्वाधार विकास कार्यालय**
**ओखलढुंगा**
**कोशी प्रदेश, नेपाल**

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

**सूचना प्रकाशन मिति २०८१-०९-०९**

यस कार्यालयको मिति २०८१-०८-०२ गते बोलपत्र आव्हान सम्बन्धी सूचना अनुसार निर्माण कार्य गर्नको निम्ति पेश भएका बोलपत्रदाताहरुको मूल्याङ्कन गर्न गठित मूल्याङ्कन समितिको सिफारिस अनुसार देहाय बोलपत्रदाताले पेश गरेको बोलपत्र कम मूल्याङकित सारभूत रुपमा प्रभावकारी देखिएको हुँदा सो बोलपत्र स्वीकृत गरिने भएकोले सार्वजनिक खरिद ऐन २०६३ (संशोधित) को दफा २७ (२) को प्रयोजनका लागि प्रकाशित मितिदेखि ७ (सात) दिने सूचना प्रकाशित गरिएको छ । साथै सार्वजनिक खरिद ऐन, २०६३ दफा ४७ को प्रयोजनार्थ सम्वन्धित सवै वोलपत्रदाताहरुलाई समेत यसै सूचनाद्वारा जानकारी गराईन्छ ।

| S. N. | Contract ID | Name of Project | Name and Address of Bidder | Bid Price (With VAT & PS) |
|---|---|---|---|---|
| 1 | IDO-OKHAL-NCB-ROAD-13-2081/082 | Construction of Sisne Khola Motorable Bridge (Thula Chaap Jaane Bato) Approach Road and River Training work Si.Na. Pa 4 & 2, Okhaldhunga | Om Nirman. Sewa, Chapakhori-01, Kaldhar, Kavre | NRs.4796632.80 |
| 2 | IDO-OKHAL-NCB-ROAD-14-2081/082 | Track Open of Mapya Dudhkoshi-7 Bata Khumbu PasangLhamu Gaa.Paa. -1, Solukhumbu | Dendhub Nirman Sewa Pvt. Ltd.. solududhkunda municipality-05, Solukhumbu | NRs.1962497.50 |
| 3 | IDO-OKHAL-NCB-ROAD-15-2081/082 | Track Open of Thane khola, Mapya Dudhkoshi Gaa. Paa., Solukhumbu | RP Contraction and Suppliers Firm, Solududhakunda-6, Khoriya, Solukhumbu | NRs.1239308.62 |
| 4 | IDO-OKHAL-NCB-ROAD-16-2081/082 | Upgrading of Bade-Khaniyakharka-sopu Road, Thulung Dudhkoshi Gaa.Paa. -04, Solukhumbu | Radur Construction Sewa, Salleri-5,Solukhumbu | NRs.1593782.64 |
| 5 | IDO-OKHAL-NCB-ROAD-17-2081/082 | Upgrading of Thulung Dudhkoshi Kendra Mukli Hudai Barkhughat Road, Thulung Dudhkoshi-6, Solukhumbu | Cloud Nine Construction Pvt. Ltd., Dhungana Tole, Kathmandu | NRs.1283159.20 |
| 6 | IDO-OKHAL-NCB-ROAD-18-2081/082 | Upgrading of Biraspu-Simkharka-Devisthan Road, Thulung Dudhkoshi-1, Solukhumbu | Radur Construction Sewa, Salleri-5,Solukhumbu | NRs.1943570.05 |
| 7 | IDO-OKHAL-NCB-ROAD-19-2081/082 | Upgrading of Thulung Dudhkoshi-7, Cherakhu-Lurba Road, Thulung Dudhkoshi-4, Solukhumbu | Lama Construction, Solududhkunda -4,Solukhumbu | NRs.1445974.12 |
| 8 | IDO-OKHAL-NCB-ROAD-20-2081/082 | Upgrading of Gairi-Bardanda-Necha-Bihibare Road, NechaSalyan-05, Solukhumbu | RP Contraction and Suppliers Firm, Solududhakunda-6, Khoriya, Solukhumbu | NRs.1369999.25 |
| 9 | IDO-OKHAL-NCB-ROAD-21-2081/082 | Upgrading of Khyampu-Dudghunsa-Simkharka-Lebhyiu-Gauritap-Patala Road, NechaSalyan-01, Solukhumbu | RP Contraction and Suppliers Firm, Solududhakunda-6, Khoriya, Solukhumbu | NRs.1295809.55 |
| 10 | IDO-OKHAL-NCB-ROAD-22-2081/082 | Upgrading of Thulung Dudhkoshi-7, Cherakhu-Lurba Road, Solukhumbu | Lama Construction, Solududhkunda -4,Solukhumbu | NRs.1743209.77 |
| 11 | IDO-OKHAL-NCB-ROAD-23-2081/082 | Construction of Khahare Khola Bridge Approach Road and River Training work, Necha Salyan RM, Solukhumbu. | Gaiya Devi Construction And Suppliers Pra. Ltd., Likhu-3, Narmadeshwar | NRs.3364821.10 |
| 12 | IDO-OKHAL-NCB-ROAD-24-2081/082 | Upgrading of Hilepani Jakma Jayramghat Road, Manebhanjyang-06, Okhaldhunga | Star Builders and Suppliers, Mahalxmi Municipility-4,Lalitpur | NRs.941300.80 |
| 13 | IDO-OKHAL-NCB-ROAD-25-2081/082 | Track Open of Tintale-Juke-Gaikharka-Najingchur-cherem Road, Solukhumbu | Betghari Kalika Service Pvt. Ltd., Necha Salyan Rural Municipality-4,Solukhumbu | NRs.1827774.00 |

**Office Chief**


इम्प्रेसन पब्लिकेसन एण्ड मिडिया प्रा. लि. द्वारा प्रकाशित, **मुद्रण** : नेपाल न्यूज नेटवर्क इन्टरनेशनल प्रा.लि., दुवाकोट, भक्तपुर, **कार्यालय** : मध्यवानेश्वर, काठमाडौं, **फोन** : ४५६६३९३, **फ्याक्स** : ४४८०५५४, पो.ब.नं. ११६७२, Email: hitadaily@gmail.com, **कार्यकारी निर्देशक** : उज्ज्वल शर्मा, **सम्पादक** : पुरुषोत्तम दाहाल